**नेपाल केमिकल सोसाइटीको विधान २०३६**

(२०७६ को संसोधन सहित)

**प्रस्तावना**

रसायन विज्ञानको सम्वर्द्धन र समुचित प्रयोगद्वारा मानव समुदायको उत्थान तथा सुमन्नतिको निमित्त योगदान दिन इच्छुक नेपाली रसायनविद् व्यक्तिहरुको संगठित समूहले आफ्नो व्यवसायको सिद्धान्त एवं आचार सहिंता अनुरुप सामूहिक प्रयासद्वारा समयोचित मार्ग निर्देशन गर्दै राष्ट्रिय हितमा समर्पित हुने उद्देश्यले प्रेरित भई एक केमिकल सोसाइटी गठन गर्ने र यस विधान अनुरुप सोसाइटीलाई सञ्चालित गर्ने निर्णय गरेको छ।

परिच्छेद –१

१.नाम, प्रारम्भ र विस्तारः

१. यस विधानको नाम नेपाल केमिकल सोसाइटीको विधान २०३६ रहेको छ।

२. यो विधान सम्वन्धित निकायबाट स्वीकृत भएपछि लागू हुनेछ।

३. यो विधान सोसाइटीका सदस्यहरु सम्वन्धमा लागू हुनेछ।

४.यस सोसाइटीको स्थापना मिति विसं २०३६ मानिने छ।

२.परिभाषाः

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमाः

१.‘‘सोसाइटी’’ भन्नाले नेपाल केमिकल सोसाइटीलाई जनाउँछ। अंग्रेजीमा Nepal Chemical Society (NCA) भनिन्छ र संक्षेपमा ‘‘एन.सी.एस.’’ भनिनेछ।

२.‘‘साधारण सदस्य’’ भन्नाले यस सोसाइटीका तत्कालिन मानार्थ विद्वत सदस्य, आजीवन सदस्य र सदस्य समेतलाई जनाउँछ।

३.‘‘सदस्य’’ भन्नाले परिभाषा खण्डको (२) का सदस्यहरु र विद्यार्थी सदस्य समेत लाई जनाउँछ।

४.‘‘साधारण सभा’’ भन्नाले सोसाइटीको वार्षिक साधारण सभा वा विशेष साधारण सभा समेतलाई जनाउँछ।

५.‘‘परिषद्’’वा कार्यकारी परिषद् भन्नाले यस सोसाईटीका तत्कालीन कार्यकारी परिषद्लाई जनाउँछ।

६.‘‘पदाधिकारी’’ भन्नाले विद्यमान परिषद्का अध्यक्ष, उपाध्यक्ष, महासचिव, कोषाध्यक्षलाई जनाउदँछ।

७.‘‘कार्य वर्ष’’ भन्नाले प्रत्येक वर्षको १ वैशाखदेखि चैत्र मसान्तसम्मको अवधिलाई जनाउँछ।

८.‘‘इकाई’’ भन्नाले विधान वमोजिम देशको सात प्रदेशमा खोलिने समितिहरुलाई जनाउँछ।

९. विश्वविद्यालय भन्नाले विश्वविद्यालय अनुदान आयोगद्वारा मान्यता प्राप्त विश्वविद्यालयलाई जनाउँछ।

परिच्छेद –२

३.उद्देश्यः-

यो सोसाइटी पूर्णतया वैज्ञानिक र नाफा नकमाउने उद्देश्य भएको संस्था हुनेछ। राजनीतिक गतिविधि र गठबन्धनमा यसको कुनै सरोकार रहने छैन। यस सोसाइटीका निम्न उद्देश्यहरु हुने छन्

१.रसायनशास्त्र सम्बन्धी ज्ञानको विकास र सम्वर्द्धन गर्ने ।

२. रसायनशास्त्रको प्रयोगात्मक प्रविधिको विकास तथा प्रचार प्रसार गर्ने।

३. रसायनशास्त्रको प्रशिक्षण तथा अनुसन्धात्मक अनुभवबाट प्राप्त बौद्धिक विचारहरु आदान प्रदान गर्ने अवसर प्रदान गर्ने।

४. देशमा वैज्ञानिक अनुसन्धानको वातावरण श्रृजना गरी त्यसलाई सक्रिय तुल्याउने।

५. रसायनशास्त्र तथा यससँग सम्वन्धित विषयको माध्यमद्वारा राष्ट्रिय विकासमा योगदान दिने व्यक्ति विशेषलाई प्रोत्साहित गर्ने।

६. रसायनविद्हरुको वीचमा एकता, भातृत्व, शिष्टाचार र सद्भावनाको अभिवृद्धि गर्ने।

७. रसायनशास्त्रमा लागेका व्यक्तिहरुको योग्यता एवं दक्षता र आचरणको स्तरीयता कायम राख्ने।

८. विज्ञान र विशेष गरेर रसायनशास्त्रको प्रशिक्षण तथा अनुसन्धानमा सुधार गर्न विश्वविद्यालय, नेपाल सरकार र अन्य सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायहरुसँग सम्पर्क तथा सहयोग स्थापना गर्न र रसायनविद्हरुका दक्षता र अनुभवलाई प्रचुरमात्रामा सदुपयोग गरी राष्ट्रिय हित अभिवृद्धी गर्ने।

९. देशभित्र रसायनशास्त्रका विभिन्न पक्षहरुमा कार्यरत व्यक्तिहरुको व्यवसायिक हित संरक्षण गर्ने।

१०.उपर्युक्त उद्देश्यहरुको प्रयोजनको लागि अन्य राष्ट्रिय वा अन्तर्राष्ट्रिय व्यवसायिक संस्थाहरुसंग सम्बन्ध राख्ने।

४. क्रियाकलापः-

सोसाइटीको देहाय वमोजिमको क्रियाकलाप हुने छन्।

१. रसायनशास्त्रको ज्ञानलाई प्रचार प्रसार साथै सम्वर्द्धन गर्नको निमित्त जर्नल, पत्रपत्रिका बुलेटिन, पुस्तक इत्यादिको सम्पादन तथा प्रकाशन गर्ने गराउने।

२. रसायनशास्त्र तथा सोसँग सम्वन्धित विषयहरुको अनुसन्धानात्मक खोज तथा उपलब्धिहरुको प्रचार तथा प्रसार र विचारको आदान-प्रदान गर्नको निमित्त राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका गोष्ठी, सभा प्रवचन, कार्यशाला इत्यादिको आयोजना गर्ने। तथा राष्ट्रिय वा अन्तर्राष्ट्रिय रसायनविद्हरुको सम्मेलन वा गोष्ठीमा प्रतिनिधिहरु पठाउने।

३.चल-अचल सम्पत्ति आर्जन गर्ने, सोसाइटीको प्रयोजनमा व्यय गर्ने, आवश्यकता अनुसार मञ्जुरीनामा गर्ने, कर्मचारीहरु नियुक्त गर्ने, बैंकिड कारोवार गर्ने, प्रचलित कानुन अनुसार संगठित संस्थाले गर्न सक्ने अन्य सबै काम गर्ने।

४.सोसाइटीको उद्देश्य तथा लक्ष्य प्राप्तिका लागि आवश्यक अन्य कार्यक्रम सञ्चालन गर्ने।

**परिच्छेद–३**

५.सोसाइटीको स्थापना र गठन विधिः–

१.नेपाल केमिकल सोसाइटीको नामले एउटा संस्था स्थापना हुनेछ।

२.सोसाइटीको एक अविछिन्न उत्तराधिकारवाला संगठित संस्था हुनेछ। यो संस्थाको सबै कामको निमित्त आफ्नो छुट्टै छाप हुनेछ र यस विधानको अधिनमा रही सम्पत्ति प्राप्त गर्न र राख्न सक्नेछ। यसले आफ्नो नामबाट नालिस उजुर गर्न सक्नेछ र यस उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्ने छ।

३.सोसाइटीको केन्द्रीय कार्यालय, काठमाडौंमा रहनेछ। र देशका सात प्रदेशमा यसको इकाई (समिति)को रुपमा शाखाहरु खोल्न सकिनेछ। उक्त इकाई (समिति)मा अध्यक्ष, उपाध्यक्ष, सचिव, सह–सचिव, कोषाध्यक्ष र ६ जना सदस्यहरु सम्म रहनेछन्।

**६.सोसाइटीका अंगहरुः-**

यस सोसाइटीको देहाय वमोजिम अंगहरु हुने छन्।
१.साधारण सभा
२.कार्यकारी परिषद्
३.सल्लाहकार समिति
४.इकाई वा समितिहरु

**७. सोसाइटीका सदस्यहरुः-**
यस सोसाइटीमो देहाय बमोजिमका सदस्यहरु रहने छन्।
१. मानार्थ विद्वत् सदस्य (अनरी फेलो)
२. विद्धत् सदस्य (फेलो)
३. आजीवन सदस्य
४. सदस्य
५. विद्यार्थी सदस्य

**८. सदस्य योग्यताः-**
सदस्यता प्राप्तिको निमित्त देहायको योग्यताहरु निर्धारण गरिएको छ।

१.मानार्थ विद्वत् सदस्य

रसायनशास्त्रको व्यवसायमा वा अध्यापनमा कम्तिमा ३० वर्ष सम्म सक्रिय र निरन्तर सेवा गरी अवकाश प्राप्त गरेको वा रसायनशास्त्र वा सो संग सम्वन्धित विषयमा अर्थपूर्ण योगदान गरेको वा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय ख्याति प्राप्त वैज्ञानिकहरु परिषद्को सिफारिसमा वा कम्तिमा ५० जना साधारण सदस्यहरुको संयुक्त लिखित अनुरोधमा साधारण सभाको वैठकले बहुमतद्वारा मानार्थ विद्वत सदस्यता प्रदान गर्न सक्नेछ।

२.विद्वत सदस्यताः-

क) सोसाइटीको सदस्य भएको र

ख) विश्वविद्यालयबाट रसायनशास्त्रमा पिएचडी उपाधी प्राप्त गरि त्यसपछि कम्तिमा १० वर्षको पेशागत अनुभव हासिल गरेको।

वा

विश्वविद्यालयबाट रसायनशास्त्रमा स्नात्तकोत्तर उपाधी प्राप्त गरि त्यसपछि कम्तिमा १५ वर्षको पेशागत अनुभव हासिल गरेको।

वा

रसायनशास्त्रमा स्नातक गरी कम्तिमा २५ वर्ष उल्लेखनिय सेवा गरेको र परिषद्को दृष्टिकोणमा विद्वत सदस्य बनाउनु योग्य ठानिएका व्यक्ति।

३.आजीवन सदस्यः-

सदस्यताको लागि योग्य व्यक्तिले अनुसूचीमा (१) मा उल्लेख गरे वमोजिमको सदस्यता शुल्क बुझाई सहयोग गर्ने व्यक्ति।

४.साधारण सदस्यः-

विश्वविद्यालयबाट रसायनशास्त्र विषयमा पिएचडी वा स्नातकोत्तर योग्यता प्राप्त गरेको ।

वा

विश्वविद्यालयबाट रसायनशास्त्रमा वा वायोकेमेष्ट्री, केमिकल इन्जिनियरिङ्ग, फार्मेशी, वायोटेक्नोलोजी, न्यानो प्रविधि, मेटेरियल साइन्स, फूड टेक्नोलोजी मध्ये कुनै विधामा स्नातक योग्यता प्राप्त गरि ३ वर्षको व्यवसायिक अनुभव हासिल गरेको।

वा

विश्वविद्यालयबाट वायोकेमेष्ट्री, केमिकल इन्जिनियरिङ्ग, फार्मेशी, वायोटेक्नोलोजी, न्यानो प्रविधि, मेटेरियल साइन्स, रसायनशास्त्र शिक्षण विधि (एम एड) मध्ये कुनै विधामा स्नातकोत्तर योग्यता प्राप्त गरि १ वर्षको व्यवसायिक अनुभव हासिल गरेको।

वा

रसायनशास्त्र वा सो संग सम्वन्धित विषयमा उल्लेखनीय सेवा गरेको र परिषद्ले निर्णय गरि सदस्यता प्रदान गर्न योग्य ठानिएका व्यक्ति।

५. विद्यार्थी सदस्यः-

रसायनशास्त्र वा सो संग संम्वन्धित विषयमा स्नाकोत्तर वा सो सरहका तहमा अध्ययनरत विद्यार्थी।

९.सदस्य हुने कार्यविधिः-

धारा ८ वमोजिमको योग्यता प्राप्त व्यक्तिले परिषद्द्वारा निर्धारित फाराममा सदस्यताको निमित्त आवेदन दिनु पर्नेछ। त्यस्ता आवेदनमा परिषद्ले सदस्यता प्रदान गर्ने निर्णय गरेमा आवेदकसँग प्रवेश शुल्क लिई सदस्यताको अभिलेख पुस्तिकामा आवेदकको नाम दर्ता गरी सदस्यता दिइनेछ। गैर-आवासिय नेपाली र विदेशी नागरिक पनि सोसाइटीको सदस्य हुन सक्ने छन्।

१०.सदस्यता शुल्कः-

१.प्रवेश शुल्क अनुसूचीमा (१) उल्लेख गरे वमोजिम हुने छ।

तोकिए अनुसार सदस्यता शुल्क सदस्यहरुले बुझाउनु पर्नेछ। तर मानार्थ विद्वत सदस्यले प्रवेश शुल्क वा अन्य सदस्यता शुल्क तिर्नु पर्ने छैन। कुनै सदस्य कुनै पनि कारणवश १ वर्ष भन्दा वढी अवधिको लागि स्वदेशमा अनुपस्थित हुन पर्ने अवस्था भएमा सो व्यहोराको लिखित सूचना परिषद्लाई दिई निजलाई चाहेमा विना शुल्क सो अवधिको लागि सदस्यता कायम राख्न सकिनेछ। तर त्यस्ता सदस्यले सोसाइटीको सुविधाहरु उपभोग गर्न पाउने छैन।

**११.सदस्यहरुको कर्तव्य-**

सदस्यहरुको निम्न वमोजिमका कर्तव्य हुने छ।

१.पेशा र सोसाइटीका हित हुने काम गर्ने।

२.व्यवसायिक जीवनमा सोसाइटीले तर्जुमा गरेको आचार संहिता अनुकुल आचरण गर्ने।

३.सोसाइटीलाई बुझाउनु पर्ने शुल्क समयमा बुझाउने।

४.सोसाइटीको हक हितका विषयमा परिषद्लाई सल्लाह सुझावहरु दिने।

**१२.सदस्यताको समाप्तिः-**

परिषद्ले देहायको अवस्थामा कुनै व्यक्तिको सदस्यता समाप्त गर्न सक्नेछ।

१.सदस्यताबाट राजीनामा दिएमा।

२.तोकिएको सदस्यता शुल्क नबुझाएमा।

३.सोसाइटीवाट निष्काशन गरिएमा।

कुनै सदस्यले सोसाइटीको हितको प्रतिकुल कार्य गरेको छ भन्ने कुरा परिषद्लाई लागेमा त्यस्ता व्यक्तिलाई स्पष्टिकरण लिने र आवश्यक परेमा सदस्यता निलम्बन गर्ने अधिकार परिषद्मा रहने छ र निजको सदस्यता साधारण सभाले वहुमतद्वारा खारेज गर्नेछ। तर त्यस्ता सदस्यलाई सभामा आफ्नो तर्फबाट सफाई दिने उचित अवसरबाट वन्चित गरिने छैन।

**१३.सदस्यताको पुनः प्रवेशः-**

परिषद्ले कुनै व्यक्तिलाई धारा ९ बमोजिमको विधि अपनाई दोहोर्याएर पुनः सदस्यता प्रदान गर्न सक्नेछ। तर त्यस्ता व्यक्तिले सोसाइटीलाई तिर्नुपर्ने सवै रकम भुक्तानी गर्नु पर्नेछ। निष्काशनबाट सदस्यता समाप्त भएका व्यक्तिले पुनः सदस्यता प्राप्त गर्ने देहायका थप आवश्यकताहरु पुरा गर्नु पर्नेछ।

१.निश्कासन गरेको मितिवाट कम्तिमा एक वर्षको अवधि पुरा भएको हुनुपर्नेछ।

२.परिषद् समक्ष लिखित रुपमा क्षमा याचना मागेको हुनु पर्ने।

**१४. सुविधाहरुः-**

सोसाइटीका सदस्यले देहायका सुविधाहरु उपयोग गर्न पाउने छन्।

१.सोसाइटीका प्रकाशनहरु परिषद्ले निर्धारण गरेको सहुलियत दरमा पाउने छन्।

२.सोसाइटीले प्रवन्ध गरेको गोष्ठी, प्रवचन, कार्यशाला अनुसन्धानात्मक कार्य इत्यादिमा भाग लिन पाउने छन्।

३.साधारण सभामा सक्रिय रुपमा भाग लिन पाउने छन्।

४.आवश्यकता अनुसार व्यवसायिक सिफारिस पत्रहरु प्राप्त गर्न सक्ने छन्।

५.साधारण सदस्यहरुलाई मताधिकार र उम्मेदवार हुने हक र अविश्वासको प्रस्ताव र अन्य प्रस्ताव ल्याउने हक प्राप्त हुनेछ। तर, विद्वत् सदस्य वाहेक अन्य सदस्य अध्यक्ष र उपाध्यक्षको उम्मेदवार हुन सक्ने छैन र विद्यार्थी सदस्यले कार्यकारी परिषदको निर्वाचनमा उम्मेदवारी दिन सक्ने छैनन्। परिषद्का पदाधिकारी र सदस्य नेपाली नागरिक हुनुपर्ने छ। गैर-आवासिय नेपाली र विदेशी नागरिकलाई मताधिकार हुने छैन।

**परिच्छेद–४**

**१५.कार्यकारी परिषद्**

१.सोसाइटीको उद्देश्य, नीति र साधारण सभाले गरेको निर्देशनहरु अनुरुप कार्य गर्ने र सोसाइटीको प्रशासकीय कार्यहरुको रेखदेख र नियन्त्रण गर्न एउटा कार्यकारी परिषद् रहने छ, जसमा देहाए वमोजिमका सदस्यहरु रहने छन्।

क.अध्यक्ष १

ख. उपाध्यक्ष २ (सो मध्येबाट एक गैह्र शिक्षण संस्थाबाट हुनु पर्ने)

ग. महासचिव १

घ. सचिव १

ङ.कोषाध्यक्ष १

च. सदस्यहरू ४

छ. मुख्य सम्पादक १( पदेन)

तर, मुख्य सम्पादक परिषद्द्वारा नियुक्त हुनेछ।

२.उपधारा (१) (छ) वाहेकका पदाधिकारीहरुको निर्वाचन साधारण सभाले गोप्य मतदानद्वारा गर्नेछ र तिनीहरुको पदावधि द्ई  वर्षको हुनेछ। तर विशेष कारण खुलाएर कार्यकारी परिषद्‌ले आफ्नो कार्यकाल बढिमा एक वर्ष थप्न सक्नेछ।

३. देहायका अवस्थामा बाहेक परिषद्का पदाधिकारी र सदस्यको कार्य अवधि दुई वर्षको हुनेछ। तर नयाँ उत्तराधिकारी नचुनिएसम्म कार्यभार सम्हाल्ने छन्।

क.परिषद्‌ले सल्लाहकार समिति समक्ष संयुक्त राजीनामा दिएमा, वा

ख.अध्यक्षले उपाध्यक्ष समक्ष र अन्य पदाधिकारी र सदस्यले अध्यक्ष समक्ष पेश गरेको लिखित राजीनामा दिएमा र परिषद्द्वारा स्वीकृति भएमा वा

ग.कुनै व्यक्तिको सोसाइटीबाट सदस्यता समाप्त भएमा वा

घ.कुनै सदस्य वा परिषद् विरुद्ध अविश्वासको प्रस्ताव पारित भएमा वा

ङ.कुनै सदस्य परिषद्को बैठकमा चित्तबुझ्दो लिखित कारण (इमेल वा पत्र मार्फत) नदेखाई लगातार ३ पटक अनुपस्थित भएमा। अध्यक्ष वा उपाध्यक्षले उक्त पद रिक्त भएको जानकारी साधारण सभामा दिनु पर्ने छ।

तर, कुनै पनि पदाधिकारीले लगातार दुई  पटक भन्दा वढी परिषद्मा चुनिन पाउने छैन  तर, पछिल्लो पद पूरा गरेको मितिबाट तिन वर्ष वितेपछि एक कार्यकाल भने सोही पदमा उम्मेदवार हुन सक्नेछन्।

**१६.परिषद्को काम कर्तव्य अधिकारहरुः-**

यद्यपी सोसाइटीको नीति निर्धारण तथा निर्देशन दिने अधिकार यस संगठनको सर्वोच्च अङ्ग साधारण सभामा निहित छ तापनि सोसाइटीको कार्य सञ्चालन गर्नको निमित्त परिषद्को देहाय वमोजिमको अधिकार र कार्य हुनेछ।

१.विधानमा उल्लेखित व्यवस्था अनुसार र साधारण सभाको निर्देशन अनुसार सवै नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्नेलाई आवश्यक पर्ने कार्यकारी तथा प्रशासनिक अधिकार।

२.सोसाइटीको सम्पति र कोषको व्यवस्थापन गर्ने र यसका उद्देश्यहरुको प्राप्तिको निमित्त परिषद्ले आवश्यक ठानेमा खर्च गर्ने अधिकार।

३.परिषद्ले उचित ठानेका सदस्यहरु समावेश गरी समितिहरु वा उप–समितिहरु गठन गर्ने। र यसरी गठन गरिएका समिति वा उप–समितिहरु पूर्ण रुपले परिषद् प्रति उत्तरदायी हुने छन् र परिषद्ले आवश्यक ठानेसम्म रहने छन्।

४.सोसाइटीको हितको निमित्त बैठक संचालन गर्न र आन्तरिक कार्यहरुको प्रबन्ध मिलाउन आवश्यक नियम विनियमको तर्जुमा, संशोधन र खारेज गर्ने अधिकार। तर विधानको प्रतिकुल हुने गरी गर्न पाइने छैन।

५.सोसाइटीको निमित्त आवश्यक कर्मचारीको नियुक्त, परिचालन तथा अवकास दिने र उनीहरुको सेवा सम्वन्धी र पारीश्रमिक निर्धारण गर्ने अधिकार।

६.वार्षिक साधारण सभामा पेश गर्न प्रस्तावहरु (अविश्वासको प्रस्ताव समेत) को कार्य सूची (एजेण्डा), सोसाइटीको वार्षिक प्रतिवेदन, वार्षिक कार्यक्रम, बजेट तथा लेखा परीक्षक प्रतिवेदन तयार गर्ने अधिकार।

७.सोसाइटीको तर्फबाट कुनै सदस्यलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गोष्ठी, सभा, बैठक इत्यादिमा प्रतिनिधि मनोनित गर्ने अधिकार।

८.परिषद्मा उत्पन्न हुने रिक्त पदमा सोसाइटीको सदस्यहरु मध्येवाट मनोनित गर्ने अधिकार।
तर, मनोनित सदस्यको पदावधि परिषद्को वाँकी अवधिको लागि मात्र हुनेछ र त्यस्तो नियुक्तको सङ्ख्या परिषद्को सम्पूर्ण सदस्यको एक तिहाई सदस्य भन्दा बढी हुने छैन। कुनै सदस्यले एकै पटक परिषद्का दुई पद सम्हालेको छ भने परिषद्मा निजको एक भोट मात्र हुनेछ।
९.सोसाइटीको प्रतिनिधित्व गर्ने अधिकार।
१०.कुनै अनुसन्धानात्मक परियोजना (प्रोजेक्ट) सोसाइटीले प्राप्त गरेमा परिषद्ले कुनै सदस्य वा सदस्यहरुको कुनै समुहद्वारा सो कार्य गर्ने गराउने अधिकार।

**१७.पदाधिकारीहरुको अधिकार र कर्तव्यः-**

१ अध्यक्षः-
क.सोसाइटीको नेतृत्व प्रदान गर्ने।
ख.कार्यकारी परिषद्को वैठक र साधारण सभाको अध्यक्षता ग्रहण गर्ने र उक्त वैठक र सभामा मतदान हुँदा मत बराबर भएमा निर्णायक मत दिने।

ग.साधारण सभा र कार्यकारी परिषद्को निर्णयहरु प्रमाणित गर्ने, कार्यान्वयन गर्ने गराउने।

घ.साधारण सभा, कार्यकारी परिषद् र समय समयमा हुनु पर्ने सभा र वैठक बोलाउन लगाउने।

ङ.यस विधानद्वारा तोकिएको अन्य अधिकार प्रयोग गर्ने।

२.उपाध्यक्षः-

क.अध्यक्ष कुनै कारणले आफ्नो काम गर्न असमर्थ भएमा वा निजको पद रिक्त भएमा कार्यवाहक अध्यक्षको रुपमा निजको कर्तव्यको पालन र अधिकार प्रयोग गर्ने।

ख.अध्यक्षले प्रत्यायोजन गरेका अधिकारहरु प्रयोग गर्ने।

ग.अध्यक्षको काममा सहयोग गर्ने।

३.महासचिवः-

क.अध्यक्षसंग परामर्श गरी परिषद्को वैठक बोलाउने र वैठकको लागि कार्यक्रम र प्रतिवेदन तयार पार्ने।

ख.परिषद्का निर्णयहरु अध्यक्षको सामान्य रेखदेखमा रही कार्यन्वयन गर्ने गराउने।

ग.सोसाइटीको साधारण सभा, कार्यकारी परिषद्को लिखित कागजातहरुको अभिलेख राख्ने र सुरक्षित राख्ने।

घ.सोसाइटीको तर्फबाट दैनिक कार्य सञ्चालन गर्ने।

ङ.सोसाइटीको आदेश कार्यन्वयन र अन्य निकाय वा व्यक्ति सगँ पत्राचार।

च.परिषद्को तर्फबाट सभामा प्रतिवेदन पेश गर्ने।

छ.सोसाइटीको सदस्यहरुको लगत राख्ने।

ज.भैपरी आउने र सचिवालय सञ्चालनको काम गर्ने।

झ.विधानले तोके वमोजिमका अन्य कामहरु गर्ने।

ञ.महासचिवको आफ्नो कर्तव्य वा अधिकार केही निश्चित अवधिको लागि आफ्नो उत्तरदायित्वमा सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ।

४.सचिवः-

क.महासचिव कुनै कारणले आफ्नो काम गर्न असमर्थ भएमा वा निजको पद रिक्त भएमा कार्यवाहक महासचिवको रुपमा निजको कर्तव्यको पालन र अधिकार प्रयोग गर्ने।

ख.महासचिवले प्रत्यायोजन गरेको अधिकारहरु प्रयोग गर्ने।

५.कोषाध्यक्षः-

क.सोसाइटीको आर्थिक कारोबार सम्वन्धी सम्पूर्ण दायित्व बहन गर्ने।

ख.अध्यक्ष वा परिषद्को निर्देशन अनुसार सोसाइटीको लागि खर्च गर्न र महासचिवको संयुक्त दस्तखत गरी चेक सञ्चालन गर्ने।

ग.सोसाइटीको आय–व्ययको हिसाब दुरुस्त राख्ने।

घ.सोसाइटीको तर्फबाट जिन्सी लगत राख्ने।

ङ.सोसाइटीको तर्फबाट असुल गर्नु पर्ने शुल्क तथा रकम असुल उपर गर्ने।

च.वार्षिक आय–व्ययको विवरण सहितको प्रतिवेदन र बजेट परिषद्को तर्फबाट साधारण सभामा प्रस्तुत गर्ने।

छ.कर्मचारीको तलव लगायत सोसाइटीले बहन गर्नु पर्ने खर्च समेत समयमा भुक्तानी दिने।

ज.रु. दुई हजार नबढाई नगद मौज्दात राखी भैपरी आउने खर्च गर्ने।

६.कार्यकारी सदस्यः-

सोसाइटीका निर्णयहरुको कार्यान्वयनमा सक्रिय रही सोसाइटीको प्रतिष्ठा बढाउन सजग रहनुको साथै परिषद्को बैठकहरुका निर्णयहरुबाट सुम्पिएका कार्यहरु गर्ने गराउने।

७.मुख्य सम्पादकः-

यस विधान अन्तर्गत रही सोसाइटीको तर्फबाट जर्नल पत्र–पत्रिका, पुस्तक इत्यादि प्रकाशन गर्ने। प्रत्येक ६ महिनामा जर्नल प्रकाशित गर्ने।

**१८.परिषद्का उत्तरदायित्व एवं जवाफदेहीताः-**

परिषद्को पदाधिकारी र सदस्यहरु सामुहिक तथा व्यक्तिगत रुपले साधारण सभा प्रति उत्तरदायित्व एवं जवाफदेही रहनेछन्।

**१९.सल्लाहकार समितिः-**

१.परिषद्को निवर्तमान अध्यक्षको अध्यक्षतामा देहाय वमोजिम सदस्यहरु भएको एक सल्लाहकार समिति गठन गरिनेछ।

क.निवर्तमान अध्यक्षः पदेन अध्यक्ष

ख.पूर्व अध्यक्ष - २ जना

ग.पूर्व महासचिव -१ जना

घ. शिक्षण पेशाबाट सदस्य-२ जना

ङ. गैर शिक्षणबाट सदस्य १ जना

२.सल्लाहकार समितिको सचिवको रुपमा काम गर्नलाई अध्यक्षले एक सदस्य मनोनित गर्नेछ।

३.नवगठित कार्य समितिले सल्लाहकार समिति गठन गर्नेछ।

**२०.सल्लाहकार समितिको काम कर्तव्यः-**

१.सोसाइटीको हक हित प्रवर्द्धन तथा विकासको निमित्त परिषद्को अध्यक्षलाई परामर्श तथा मद्दत पुऱ्याउनु सल्लाहकार समितिको प्रमुख कर्तव्य हुनेछ।

तर सल्लाहकार समितिको राय, सुझाव परिषद् वा परिषद्का अध्यक्षलाई बाध्यात्मक हुने छैन।

२.कुनै पनि कारणवस वा यस विधानको धारा १५ (२) अन्तर्गत परिषद् हटेमा विधान तथा परिषद्द्वारा निर्धारित नियम विनियमको अधिनमा रही अर्को साधारण सभा नबसुन्जेल अन्तरिम अवधी सम्मको लागि सल्लाकार समितिले परिषद्को रुपमा कार्य सञ्चालन गर्नेछ। साथै सो सल्लाहकार समिति अन्तरिम अवधिको समाप्ति हुँदा विघटन हुनेछ।

**२१.प्रादेशिक समितिहरुः-**

१.प्रदेशबाट सोसाइटीको उद्देश्य प्राप्तिको लागि इकाई (समिति) खोल्न चाहेमा त्यस्तो प्रस्तावित इकाईले एउटा तसर्थ कमिटी गठन गरी कार्यकारी परिषद् समक्ष आवेदन गर्नु पर्नेछ।

२.परिषद्ले त्यस्तो आवेदन पत्रमा विचार गरी स्वीकृति प्रदान गर्न वा नगर्न सक्नेछ।

३.समिति गठन कार्यविधि लगायत सबै काम कार्बाहीहरु सम्वन्धित समितिद्वारा निर्मित र परिषदद्वारा अनुमोदित नियमद्वारा तय हुनेछ। तर, यस्ता नियमहरु सोसाइटीको विधानसँग  बाँझिन गएमा बाँझिन गएको हदसम्म स्वतः निस्कृय भएको मानिने छ।

४.प्रादेशिक समितिहरुको काम कर्तव्य र अधिकार देहाय वमोजिमको हुनेछ।

१.प्रादेशिक समितिहरुले सोसाइटीको हक हित एवं उद्देश्य प्राप्तिका लागि प्रादेशिक स्तरमा विभिन्न कार्यक्रमहरु सञ्चालन गर्न सक्नेछन्।

२.प्रस्तावित कार्यक्रमको विवरण र सो सम्वन्धी आर्थिक कारोवारको विवरण सहितको प्रस्ताव सोसाइटीको कार्यकारी परिषदमा पेश गर्नुपर्नेछ र परिषदबाट स्वीकृत भएपश्चात कार्यक्रम संचालन गर्न सकिनेछ।

३.प्रादेशिक समितिहरुको आर्थिक कारोवार केन्द्रीय कार्यकारी परिषदको स्वीकृतिमा बैंक खाता मार्फत हुनेछ।

४.प्रादेशिक समितिहरुले गरेका कार्यक्रमको आर्थिक विवरण एक महिनाभित्र र नियमित  क्रियाकलाप एवं समष्टिगत आर्थिक विवरण सहितको प्रतिवेदन प्रत्येक वर्ष (असार मसान्त भित्र) कार्यकारी परिषद् समक्ष पेश गर्नुपर्ने छ।

५.कार्यकारी परिषदले कुनै प्रादेशिक समितिले अनुचित कार्य गरेको खण्डमा सचेत गराउन सक्नेछ र आवश्यक ठानेमा कमिटी विगठन समेत गर्न सक्नेछ।

६. प्रादेशिक समितिको कमिटीमा  अध्यक्ष, उपाध्यक्ष, सचिव, सह-सचिव, कोषाध्क्ष र सदस्यहरू ४ जना सम्म रहनेछन् । गठित समितिको पदावधी दुई वर्षको हुनेछ। केन्द्रीय कार्यकारी परिषदको म्याद थप भएमा प्रादेशिक समितिहरुको पनि म्याद स्वत थपिएको मानिनेछ।

**परिच्छेद–५**

कार्य सभाहरु

२२.कार्यकारी परिषद्को बैठकः-

१.कार्यकारी परिषद्को बैठकआवश्यकता अनुसार अध्यक्षद्वारा पूर्व निर्धारित स्थान र समयमा हुनेछ।

२.अध्यक्षको स्वीकृति लिई महासचिवले तयार गरेको कार्य सूची (एजेण्डा) नै छलफलको विषय हुनेछ।

३.कुनै सदस्यले आफुले प्रस्ताव राख्न चाहेमा बैठक वस्नु अगाडि महासचिव समक्ष प्रस्ताव पठाई सक्नु पर्नेछ र त्यस्तो प्रस्ताव महासचिव सचिवले वैठकमा पेश गर्नु पर्नेछ।

४.परिषद्ले निर्धारण गरेको नियमावली वमोजिम महासचिव सचिवले सवै सदस्यहलाई बैठक वारे अग्रिम सूचना पठाउने छ ।

५.परिषद्ले आवश्यक बैठकमा कुनै सदस्यलाई आमन्त्रण गर्न सक्नेछ तर, बैठकमा त्यस्ता सदस्यको भोट दिने अधिकार हुने छैन।

६.बैठकमा उठेका प्रश्नहरु सहमतिका आधारमा निर्णय गरिनेछ। सहमति हुन नसकेमा उपस्थित संख्याको वहुमतको निर्णय मान्य हुनेछ।

७.अन्य व्यवस्थाहरु यसै विधान वमोजिम हुनेछन ।

**२३.वार्षिक साधारणसभाः-**

सोसाइटीको वार्षिक साधारण सभा प्रत्येक वर्षको चैत्र मसान्त सम्ममा सम्पन्न गरिनेछ। नयाँ कार्यकारी परिषद्को निर्वाचन प्रत्येक दुई वर्षमा गरिने छ।

२४.विशेष साधारण सभाः-

देहायको अवस्थामा विशेष साधारण सभा बोलाउन सकिनेछ।

१.परिषद्ले आवश्यक ठानेमा।

२.मनासिव माफिकको कारण र विषय (अविश्वासको प्रस्ताब समेत) खुलाई कुल साधारण सदस्य सङ्ख्याको कम्तिमा ३३ प्रतिशत साधारण सदस्यहरुले विशेष साधारण सभा बोलाई पाँउ भनी ३५ दिन अगाडी अध्यक्षलाई लिखित अनुरोध गरेमा। तर, यसरी बोलाइएको सभामा तोकिएको विषयमा बाहेक अन्य विषयमा छलफल गरिने छैन।

**२५.सभाहरुको सूचनाः-**

सोसाइटीको साधारण सभा हुने कम्तिमा एक महिना अगाडि र विषेश साधारण सभा हुने १५ दिन अगाडी सभा हुने ठाउँ, मिति समय र छलफल हुने विषयहरु खोली सोसाइटीको सूचना पाटी वा कुनै राष्ट्रिय दैनिक समाचार पत्र मार्फत पत्रद्वारा सूचना दिइनेछ।

२६.गणपुरक संख्याः-

१.सभामा उपस्थित भै मतदान गर्न पाउने कूल सदस्य संख्या मध्ये ३३ प्रतिशत भन्दा वढी सदस्यको उपस्थिति गणपूरक मानिनेछ र तोकिएको समयबाट एक घण्टा बितिसक्दा पनि उक्त गणपुरक संख्याको अभावमा सभा सञ्चालन हुन नसकेमा ७ दिनको सूचना दिई बसेको अर्को सभामा तोकिएको समयको एक घण्टा भित्र उपस्थित सदस्यलाई गणपुरक मानिने छ।

तर, धारा २१ (ख) अनुसार वोलाइएको विशेष साधारण सभा गणपूरक नपुगेमा स्वतः खारेज हुनेछ।

२.परिषद्को बैठक कूल संख्याको ५० प्रतिशत भन्दा उपस्थित सदस्यलाई गणपूरक मानिने छ।

**२७. सभाको अधिकार र कार्यविधिः–**

१.साधारण सभाको सभापतित्व सोसाइटीको अध्यक्षले र निजको अनुपस्थितिमा उपाध्यक्ष वा निज पनि अनुपस्थित भएकोमा उपस्थित सदस्यहरु मध्येबाट छानेको कुनै सदस्यले गर्नेछ।

तर, जसको विरुद्ध अविश्वास प्रस्ताव ल्याईएको छ, उसले सो सभामा सभापतित्व गर्न सक्ने छैन।

२.साधारण सभामा छलफल गरिने सबै विषयहरु लिखित प्रस्तावको रुपमा पेश गर्नु पर्नेछ।

३.पक्ष विपक्षमा मत लिदा साधारणतया हात उठाई गरिनेछ।

४.अन्यथा व्यवस्था गरिएकोमा बाहेक मतदान गरिएको प्रत्येक विषयमा सभामा उपस्थित भै मतदान गर्ने सदस्यहरुको बहुमतको रायलाई सभाको निर्णय मानिने छ।

५.साधारण सभाले देहायका कार्य सम्पन्न गर्नेछ।

क.परिषद्को वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने।

ख.लेखा परीक्षणको प्रतिवेदनमा छलफल गरी निर्णय गर्ने।

ग.लेखा परीक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने।

घ.आउँदो वर्षको लागि कार्यक्रम तथा बजेटमा छलफल गरी निर्णय गर्ने।

ङ.प्रत्येक दुई वर्षमा परिषद्को निर्वाचन गर्ने।

च.परिषद्लाई आवश्यक निर्देशन दिने।

छ.सूचित विषयमा निर्णय गर्ने ।

ज.विधानमा उल्लेखित अन्य अधिकार प्रयोग गर्ने ।

**परिच्छेद–६**

सोसाइटीको कोष

**२८.कोषः-**

१.सोसाइटीको आफ्नो छुट्टै कोष हुनेछ र सो कोषमा देहायका रकमहरु आम्दानी बाँधिने छ ।

क.सदस्यको प्रवेश र वार्षिक शूल्क ।

ख.सोसाइटीलाई नेपाल सरकार, कुनै राष्ट्रिय वा अन्तर्राष्ट्रिय संघ संस्था वा व्यक्तिबाट प्राप्त भएका दान, चन्दा र सहायता ।

ग.सोसाइटीद्वारा प्रकाशित कुनै प्रकाशनबाट प्राप्त भएका रकम ।

२.कोष, कोषाध्यक्षको जिम्मामा रहने छ र निजले यस विधान र परिषद्को निर्णय र नियमहरुको अधिनमा रही कोष सञ्चालन गर्नेछ ।

३.कोष सञ्चालानार्थ आवश्यक अनुसार वाणिज्य वैंकहरुमा खाताहरु खोल्न सकिनेछ ।

**२९.हिसाब किताबः-**

१.कोषाध्यक्षले सोसाइटीको हिसाब किताब दुरुस्त राख्नु पर्नेछ र आय–व्ययको प्रतिवेदन वार्षिक साधारण सभामा प्रस्तुत गर्न तयार गर्नु पर्नेछ ।

२.साधारण सभाले नियुक्ति गरेको लेखा परीक्षकद्वारा सोसाइटीको हिसाब किताब प्रत्येक वर्ष लेखा परीक्षण गर्ने छ ।

**परिच्छेद –७**

निर्वाचन तथा अविश्वासको प्रस्ताव

३०.निर्वाचन अधिकृतः-

सोसाइटीको नयाँ कार्यकारी परिषद्को निर्वाचनको लागि पदावधि पूरा गर्न लागेका कार्यकारी परिषदले निर्वाचन गर्नु भन्दा १ महिना अगावै निर्वाचन अधिकृत नियुक्त गर्नेछ ।

३१.निर्वाचन अधिकृतको काम कर्तव्य र अधिकारः-

१.निर्वाचन अधिकृतले सोसाइटीमा परिषद्मा कायम रहेका सदस्यहरुको सूची परिषद्द्वारा प्राप्त गरी मतदाताको लगत तयार गर्नेछ ।

२.वार्षिक साधारण सभामा गोप्य मतदानद्वारा निर्वाचन गराउनु पर्नेछ ।

३.निर्वाचन सम्बन्धी नियम निर्वाचन अधिकृतले बनाउने छ।

४.निर्वाचन सन्बन्धी विवादको निर्णय निर्वाचन अधिकृतबाट हुनेछ र निजको निर्णय अन्तिम हुनेछ।

३२.अविश्वासको प्रस्तावः-

१.परिषद् वा परिषद्का पदाधिकारीहरु वा परिषद्का सदस्यहरुको विरुद्धमा अविश्वासको प्रस्ताव ल्याउन चाहेमा २५ (२) को कार्यविधि अपनाई अविश्वास प्रस्ताव उपर विचार गर्न सभा बोलाइयोस भनि अविश्वासकोप्रस्ताव परिषद्का महासचिव मार्फत अध्यक्ष समक्ष आवेदन गर्नु पर्नेछ।

२.साधारण सभाले अविश्वासको प्रस्ताव बारे पक्ष बिपक्षको राय विचार गरी सम्वन्धित पदाधिकारी वा सदस्यको प्रतिवेदनमा विचार गरी साधारण सभामा उपस्थित भै मतदान गर्न पाउने कुल साधारण सदस्य संख्या मध्ये ५० प्रतिशत भन्दा बढी सदस्यले प्रस्तावको पक्षमा मत दिएमा अविश्वासको प्रस्ताव पारित हुनेछ।

**परिच्छेद–८**

**विविध**

३३.संशोधनः-

यस विधानको संशोधन गर्न सकिने छ।

३४.संशोधन विधिः-

१.संशोधन प्रस्तावको रुपमा ल्याउनु पर्नेछ र उक्त प्रस्ताव सम्बन्धमा परिषद्ले साधारण सभा हुनु भन्दा कम्तिमा १ महिना अगावै लिखित सूचना प्रकाशित गर्नेछ।

२.प्रस्तावित संशोधन साधारण सभामा उपस्थित दुई तिहाई मतद्वारा पारित हुनेछ।

३५.श्रेयस्कर सदस्य, उत्प्रेरक सदस्य र संरक्षकः–

१.सोसाइटीलाई दुइ लाख भन्दा वढी आर्थिक सहायता प्रदान गर्ने र रसायनशास्त्र सम्बन्धी व्यक्ति वा संस्थालाई परिषद्को श्रेयस्कर सदस्य वा उत्प्रेरक सदस्यता प्रदान गर्न सक्नेछ।

२.एक मुष्ट  दश लाख वा वढी दान स्वरुप प्रदान गर्ने व्यक्ति वा संस्थालाई परिषद्ले आफ्नो संरक्षक उपाधि दिन सक्नेछ।

३.परिषद्ले उचित ठहराएमा सोसाइटीको कल्याण प्रवर्द्धन तथा विकास गराउनको निमित्त कुनै ख्याति प्राप्त व्यक्ति वा पदेन व्यक्ति वा संस्थालाई मानार्थ संरक्षक प्रदान गर्न सक्नेछ।

३६.सोसाइटीको विघटनः-

कुनै पनि कारण सोसाइटी बिघटन हुन गएमा सोसाइटीको सम्पत्ति सदस्यहरु विच बाँडिने छैन। सोसाइटीको बाँकी हुन आएको चल अचल सम्पतिको हकमा संस्था दर्ता ऐन २०३४ को दफा १४ वमोजिम हुनेछ।

३७.सोसाइटीको छापः-

षटकोणको मध्यकेन्द्रमा अवस्थित तरल पदार्थ आधा भरिएको कोनिल ल्फास्क सहितको षटकोणलाई एउटा हेक्सागोन रेखा चित्रले घेरिएको हुनेछ र त्यसको वरिपरि करिव ४ मिलिमिटरको दुरिमा पूर्ण गोलाकार पारी खिचिएको दुई रेखाहरुको वीचको माथिल्लो आधा भागमा देवनागरी लिपिमा र तल्लो आधा भागमा रोमन लिपिमा नेपाल केमिकल सोसाइटी भन्ने यस संगठनको नाम अंकित भएको हुनेछ। षटकोणको माथिल्लो कोण नेर नेपाल २०३६ र त्यसको विपरीत तल्लो कोण नेर रोमन लिपिमा १९७९ लेखिएको हुनेछ।

३८.कार्यकारी परिषदले अनुसूचिमा हेरफेर गर्न सक्ने छ।

तर, सदस्यता शुल्क लगायत अन्य शुल्कहरु साधारण सभाबाट अनुमोदन हुनु पर्नेछ।

**अनुसूची १**

साधारण सदस्यता शुल्क रू. ५००।– पाँच सय प्रति दुई वर्ष

आजीवन सदस्यता शुल्क रू. ३५००।–

विद्यार्थी सदस्यता शुल्क रु ३००।– तीन सय प्रति दुई वर्ष